# हाम्रो नृत्येश्वर

–शङ्करमान राजवंशी

महादेवलाई नाटेश्वर अथवा नृत्येश्वर तथा नृत्यनाथ पनि भन्दछन् । त्यसलाई नेवारहरू नास द्यो भन्दछन् । नाट्य समारोहको देवताको छोटकरी नाम नाट्यको 'ना' समारोहको 'स' लाई लिएर नास द्यो भएको हो। देवतालाई चाहिं द्यो भन्दछन् । यो नृत्येश्वरको १६ कलायुक्त ताण्डव नृत्यमा पार्वती अर्थात् नृत्येश्वरीको आविर्भाव हुन्छ भन्ने शास्त्रोक्त वचन छ । मल्लारको गानामा १६ कला पूर्ण भयो भने पानी नपरी छाड्दैन भन्ने जुन कथन हो त्यही अनुरूपको उक्त शास्त्र वचन हो । यी नृत्यनाथ अर्थात् नाटेश्वरलाई पनि बली भोग चल्दछ अर्थात् पञ्चमकारयुक्त भोग चल्दछ । १६ कला युक्त ताण्डव नृत्यमा नृत्येश्वर आफ्नो शक्ति नृत्येश्वरीमा लीन हुन्छन् । यो कुरा काठमाडौं हनुमान् ढोकाको प्रताप मल्लको शिलालेखमा उल्लिखित प्रताप मल्लले गरेको स्तुतिबाट स्पष्टिएको छ । सो स्तुति यस्तो छ–

कामव्याकुल चेतसं सुललितं वीणाखं संष्फुटं
कुर्वन्तं किल कामद कलिहरं कारुण्यपूर्णं पाम् ।
उन्मत्तं च दिगम्बरं परशिवं देव्या भवान्या सह
स्वेच्छाचार विहार तत्परमहं वन्दे तु नृत्येश्वरम् ।।

(संस्कृत सन्देश, वर्ष ४, अङ्क ४, पृष्ठ ३)

"काम वासनाले चित्त व्याकुल भएका रमाइलो वीणाको जस्तो स्वर अर्थात् आवाज स्पष्ट निकाल्ने कलि हरण गर्ने अर्थात् नाइनास्ति नहुने काम कला दिने अत्यन्त ठूलो करुणाले परिपूर्ण भएका उन्मत्त भइकन नाङ्गा भएका ठूलो कल्याण गर्ने भएका देवी भवानीसंग इच्छा-माफिक विहार गर्न तम्सेका नृत्येश्वरलाई म नमस्कार गर्दछु।"

यी ताण्डव नाचेका नृत्य नृत्यनाथको रूपमा २ हातदेखि लिएर १६ हातसम्मका पनि हुन्छन् । १६ हात भएका नृत्येश्वरको मूर्ति पशुपति देउपाटन नास ननि भन्ने चोकमा प्राप्त छ । सो मूर्ति यहाँ फलक १ मा दिइएको छ । यस मूर्तिमा उन्मत्त भइकन नाङ्गा भएको देखाइएको छ । यसले उपर्युक्त प्रतापमल्लको स्तुतिलाई चरितार्थ गरेको छ । यस मूर्तिको कलाकृति दशौं शताब्दीताकाको जस्तो बुझिन्छ । यी नृत्येश्वरलाई मद्यमांस भोग चल्दैन । केवल पञ्चामृत मात्र चल्दछ । त्यसको दाहिनेपट्टि पात्र छ । त्यस पात्रमा मद्यमांस चल्दछ । भोग दिंदा यी नृत्येश्वर मूर्तिलाई छेकी उक्त पात्र भएको ठाउँमा भोग दिन्छन्। यी नृत्येश्वरलाई तीन शहरको नास द्योको गुरु मान्दछन् । तीनै शहर भक्तपुर, पाटन, काठमाडौंका नासः पूजा गर्ने–हरूले सर्वप्रथम यी नृत्येश्वरकहाँ आउँछन् । सबैको गुरु हुनाले यहाँ नम्राई हुँदैन भन्छन् ।

यसरी उन्मत्त भइकन शक्तिमा लीन हुने हुनाले नेपाल तीनै शहरका जुनसुकै नाटेश्वर (नास द्यो) को स्थानमा मूर्ति हुँदैन । त्यहाँ केवल विन्दु पात्र मुद्रायुक्त पर्दा मात्र रहेको हुन्छ । त्यसभित्र त्रिकोणाकार प्वाल मात्रै हुन्छ । यसरी शक्तिमा लीन भएका नाटेश्वर हुनाले



पशुपति देउपाटन नास ननिमा रहेको नृत्येश्वर मूर्ति
सौजन्य : सानुराजा शाक्य

यिनलाई पनि लुकुमाहा द्योकै अनुरूप मन्न् पर्छ । किन–भने यिनको महाप्रसाद पनि गाजल नै हुन्छ । उक्त महाप्रसाद गाजल लगाई नाचेका कलाकारमा नृत्येश्वरी आविर्भाव हुने हुनाले त्यस्ता कलाकारमा हिसी परेको हुन्छ । जुन हिसीले सबै दर्शकलाई मुग्ध पार्न सक्छ । त्यसैले हिसी नपर्नेलाई नेवारीमा नासलं मतीम्ह मन्ने उखान लगाउँछन् । मुग्ध पार्ने गाजल हुनाले उक्त गाजल-लाई नेवारीमा मोहनी मन्छन् । यी नास द्यःको गणमा ख्याक र कवं अर्थात् कङ्काल कबन्ध हुन्छन् । यसबारे एउटा कथा छ–

एक दिन नृत्येश्वर र नृत्येश्वरीमा संसार सृष्टि-बारे कुरा चल्दा म विना संसार चल्दैन मन्ने नृत्येश्वरको मनाइ थियो । म विना संसारै सृष्टि हुँदैन त तपाईं कसरी म विना संसार चल्दैन मन्न् हुन्छ भनी नृत्येश्वरीको जिकीर थियो । आखिर दुई जनाको घमण्डाघमण्डी पऱ्यो र दुवै जना अलग अलग सृष्टि गर्न तम्से । नृत्येश्वर महादेवले सृष्टि गर्दा कवं अर्थात् कङ्काल उत्पत्ति भयो । नृत्येश्वरी पार्वतीले सृष्टि गर्दा चाहिं तुलो मासुको डल्लो ख्याक उत्पत्ति भयो । अनि दुवै जनाको सृष्टि भिडाउँदा नृत्येश्वर र नृत्येश्वरी दुवै जना छक्क परी परस्पर हामी पुरक हौं भनी दुवैले स्वीकारे । यसरी परस्पर पुरक हौं भनी स्वीकारेका हुनाले नै पछि पार्वतीले आफ्नो मयेलद्वारा सृष्टि गरेका गणेश मूर्तिको शिर–छेदन महादेवले गरेथे । यो कुरा स्वस्थानीमा उल्लेख छ । त्यसपछि हात्तीको टाउको जोडी जियाई दिएथे । नत्र त्यही शिर जोडेर जियाए पनि त हुन्थ्यो । त्यसो नगरी उक्त शिर आफूमा लीन गरे । तब उक्त गणेशलाई महादेव र पार्वतीको छोरा मन्ने भयो । नत्र पार्वतीको मात्रै छोरा हुने थिए । त्यसैले तन्त्रान्तरमा भनेको पनि छ–

पुरुषेण विना किञ्चित् प्रकृत्या क्रियते नहि ।
तथा शक्ति विना देव फलं रातु क्षमो नहि ॥

"पुरुष विना प्रकृतिले केही गर्न सक्तैन । त्यस्तै शक्ति विना देव अर्थात् पुरुषले फल दिन पनि सक्तैन ।"

ठीक यस्तै बौद्ध कथामा विजयेश्वरी योगिनीको पनि छ । एक दिन विजयेश्वरी योगिनी र उनका स्वामी हेरुक सम्वर यी दुई जनाको कुरा हुँदा संसार चक्रमा नारी ठूलो कि पुरुष ठूलो मन्नेबारे योगिनीले नारी ठूलो मनिन् । तर हेरुक सम्वरले पुरुष ठूलो मने । आखिर कुरो नटुङ्गिदा आफ्नो आफ्नो ऋद्धि प्रदर्शन गर्ने निर्णय भयो र सर्वप्रथम योगिनी अष्टाचलबाट डुबी पूर्वाचलमा लुकिन् । हेरुक सम्वरले खोज्दै गएर ताज्जू गरी योगिनीलाई भेट्टाए । अनि हेरुक सम्वरले अब मेरो पालो भनी योगिनीले धारण गरिराखेको खट्टाङ्गको प्वालमा हेरुक सुटुक्क लुके । अनि योगिनीले एक रूपबाट चार रूप भई ती मध्ये वज्रवाराहीको रूपले पातालमा, खड्ग जोगिनी-को रूपले जङ्गलमा, आकाश योगिनीको रूपले आकाश-मा गरी तीन त्रिलोक घुमे । तर पाउन सकेनन् र क्रुद्ध भई बज्रयोगिनीले एक पाइला आकाशमा र एक पाइला पातालमा गरी विक्रान्त रूप लिइन् । यो दखेर हेरुक सम्वरले प्रकट भई तिमीले धारण गरेको खट्टाङ्गको प्वाल-मा त लुकेको छु नि भने । अनि आफ्ना स्वामीसंग भेट भएको खुशीयालीमा चारै योगिनी एकत्रित भई हर्ष विभोरले नाचिन् । त्यसैले विजयेश्वरीमा ४ योगिनी एकत्रित छन् । श्री हेमराज शाक्यद्वारा लिखित श्री विद्याधरी विजयेश्वरी स्थान संक्षिप्त परिचय नाम पुस्तिकाको ८–१० पृष्ठमा यो कुरा उल्लेख छ । यी योगिनी पनि काली जस्तै हेरुक सम्वरसंग नाचेकी नग्नदेवी हुन् । साँखुको खड्गजोगिनी र फर्पिङ्गको बज्रजोगिनी पनि ४ योगिनीमा गनिन्छन् ।

नाटेश्वर नास द्यो शक्तिमा लीन भएका हुनाले नाटेश्वर नास द्योको स्थानमा दुवैको सृष्टि ख्याक गण र र कवं अर्थात् कङ्काल गण लेखेका हुन्छन् । लक्ष्मी पूजा–को दिन स्थापना गरिने लक्ष्मीचाहिं केवल शक्ति मात्र हुनाले उनको सृष्टि ख्याक गण मात्रै हुन्छ । शक्तिमा लीन भएका नृत्येश्वरको प्रेत वाहन हुन्छ । वृषभ वाहन भएका नृत्येश्वरको गण चाहिं भूत प्रेत हुन्छन् । वृषभ वाहन नृत्येश्वरलाई चाहिं बली भोग चल्दैन । वृषभ वाहन नृत्येश्वरको बारेमा पनि एउटा कथा छ–

एक दिन देवसभामा वृषभ वाहन नृत्येश्वरलाई आवाहन गरी नृत्यको आयोजना गरेथे जुन आयोजनामा

पञ्चामृतद्वारा पूजा भएको थियो । त्यस नृत्यमा नृत्येश्वरको तालसूर मिलेन र सबैले अनर्थ भयो भन्न थाले । यो कुरो नृत्येश्वरको भजनमा गाउने निम्नलिखित गीतले पनि स्पष्ट गर्छ । जस्तै–

नन्दी भृङ्गी सवनाथ नानारङ्ग गौरीशङ्कर अर्धङ्ग
भक्तिभावत अनथही गावत मनोरथ पूरण कीजिये
तुम्हे परमेश्वर गुरुश्री नृत्यनाथ दर्शन कारण आया हुँ

आखिर बिना शक्तिले १६ कलायुक्त ताण्डव नृत्य पूरा हुँदैन भन्ने कुरा थाहा पाएर शक्तियुक्त नृत्येश्वरलाई आवाहन गरी बलीभोगद्वारा पूजा गरी तृप्त गराएपछि त्यस सभामा आयोजित नृत्यमा नृत्येश्वर नृत्येश्वरीको आविर्भाव भयो र नृत्य पूरा भयो भन्ने कथन छ । पहिलो नृत्यमा तालसूर नमिलेर ताँधाले तिधा भयो । त्यसैले आफ्नो तालसूरमा नआउने मानिसलाई नेवारहरू ताँधाले तिधा भन्ने उखान लगाउँछन् ।

नेवारहरूको जे जति सांस्कृतिक क्रिया छन् शिव शक्तिकै भावमा छन् । त्यसैले नेवारहरू विशेष गरी अर्धनारीश्वर शैवमतका छन् । अर्धनारीश्वरको बारेमा पनि एउटा कथा छ । महादेव संहारकर्ता हुनाले उनी विशेष गरी मशानमा बस्दथे । किनभने उनको काम मशानको थियो । स्वस्थानीमा पनि महादेवलाई मसानमा बास गर्ने भनी वर्णन गरेको छ । त्यसैले यस अम्बिका खण्ड नेपालमा दिग्बन्धन गरी जगाइएका जहाँ जहाँ मसान छन् त्यहाँ त्यहाँ महादेव अवश्य स्थापना गरिएका हुन्छन् । यसरी महादेवले संहारकर्ता भई जीवलाई मसानमा लीन गराउने काम गर्थे ।

एक दिन पार्वतीलाई साह्रै दिक्क लागेछ र पार्वतीले महादेवलाई यो काम छोडी देउ भनी निवेदन गरिन् । मैले यो काम छोडें भने संसारै चल्दैन भनी महादेवले पार्वतीलाई संझाए । तर पार्वतीले आफ्नो ढिपी छोडेनन् । यसरी परस्परको वार्ता नमिल्दा पार्वती घुर्याई महादेवदेखि अलग्ग हुन थालिन् । आखिर केही सीप नलागी महादेवले संहारकर्ताको काम छोडिदिए । जब महादेवले त्यो काम छोडेथे अनि संसारमा जीवको जन्म सिवाय मरण भएन । यसरी जीव बढ्दा बढ्दा संसारमा नअटाउने भयो । पार्वतीले ठाउँ दिनै नसकी आफैं अकासिनु पर्‍यो अनि पार्वतीले मलाई ठाउँ देउ भनी महादेवसंग पुकार गरिन् । महादेवले पनि ठाउँ दिने कहीं नपाएर आफ्नै शरीरमा ठाउँ दिए । अनि महादेव र पार्वती एउटै जिउ भई अर्धनारीश्वर भए भन्ने कथन छ । अर्धनारीश्वर शिवजी हुनाले जलहरि सहितको शिवलिङ्ग स्थापना गरिएको हुन्छ । किनभने जलहरि पार्वतीको प्रतीक हो ।

भोग खाने शिवशक्ति स्वरूप नृत्येश्वरको अनुयायी नेवारहरूमा रक्सी मासु चल्छ । रक्सी खाँदा विन्दु मुद्राले शक्ति देवीलाई चढाएर खान्छन् । सात्विक भोजन गर्दा चाहिं कृष्णार्पण गरी खान्छन् । कसैले संशोधन नगरी रक्सी खानु हुँदैन पनि भन्दछन् । तर उनीहरूको संशोधन गर्ने मार्ग भिन्नै होला । वामाङ्ग शक्ति प्रधान मान्ने नेवार हुनाले तिनीहरूलाई कसैले वाममार्गी पनि भन्दछन् । तर उनीहरूको क्रिया कौल अनुसार हुनाले कौला बजी खाने भन्छन् । कौला बजीमा रक्सी मासु हुन्छ । शक्ति सङ्गम वीरतन्त्र सार संग्रहमा भनेको पनि छ । जस्तै–

सदा मांसा सबोल्लासी विजया घूर्ण लोचन ।
सिन्दुर तिलकं भाले पाणौ त मदिरासम् ।।
नकरौति नरी यस्तु सकथं तव पूजक: ।
अधिकारी प्रहृष्टात्मा स्विभक्तो विजितेन्द्रिय: ।।

सधैं मांस र रक्सीले उल्लास हुने विजयमा आँखा लोलाएका जो मानिसले निधारमा तिलक र हातमा मदिरा रस धारण गर्दैन भने त्यो कसरी तिम्रो पुजारी हुन्छ । जो आत्मा सन्तोषी छ र इन्द्रिय जितेको छ तथा मातृ सत्तात्मक छ भने त्यही तिम्रो पुजारीको अधिकारी हुन्छ ।

त्यसैले अरू पनि भनेको छ–

सुरा शक्ति शिवो मांस तद्भोक्ता भैरवो भवेत ।

''मदिरामा शक्ति र मांसमा शिव आविर्भाव हुन्छन् त्यसलाई भोग गर्ने भैरव कहिन्छ ।''

नेपालको कुमारी खण्डमा चलेका प्राचीन संस्कृति बाद्यवादन धिमे र धुन्या नामक ध्वजा प्रसिद्ध छन् जुन ध्वजा धिमेको बोलीको साथमा नचाइन्छ । नेपालको

कुमारी खण्ड भनेर यस काठमाडौं उपत्यकालाई लिइएको छ। यस उपत्यकाका किसानहरू धिमे बजाउन र धुन्या नामक ध्वजा नचाउनमा निपुण छन्।

धिमे सिक्न सर्वप्रथम धिमे लोह भन्ने ठाउँ जुन स्वयम्भूको तल दल्वमा जानुपर्छ। अनि आफ्नो धिमे संस्थामा गएर धिमेको बोली सिकी ध्यौंबाको तालमा धिमे बजाउँछन्। ध्यौबा थाल जस्तो बाटुलो ढलोटको हुन्छ जुन ढलोटमा कांस मिसाइएको हुन्छ। आजकालको स्कूलमा बजाउने घण्टी जस्तो हुन्छ। त्यसलाई काठको सानो मुंग्रोलें हानेर बजाइन्छ। त्यो तालसूर दिने बाजा हो। किसानहरूमा धिमे सिक्न उनीहरूको अनिवार्य जस्तो छ। किनभने धिमे नजानेको ज्यापू ज्यापू कहलाइँदैन। त्यसैले व्रतबन्ध गरे पछि धिमे सिक्छन् र बस जाने भनी टोल टोलमा प्रदर्शन गराइन्छ, धिमे र धुन्यामा उत्तीर्ण भएको प्रमाणित गर्छन्।

धिमेको साथमा नचाइने धुन्यालाई किसानहरू नृत्येश्वरी मान्दछन्। त्यो धुन्या नामक ध्वजा शिव शक्तिको भावमा मानिएको हुन्छ। किनभने त्यसमा दुइटा चमर सजाइएका हुन्छन्। तिनमा माथिल्लो चमर सेतो र तल्लो चमर कालो हुन्छन्। सेतो चमर शिवजी भैरवको रूपमा र तल्लो कालो चमर शक्ति देवीको रूपमा मानिएको हुन्छ। तल्लो कालो चमरमा घुंगुर र वस्त्र लगाइएको हुन्छ। त्यो ध्वजा लामो बाँसमा सजाइएको हुन्छ। चमरको साथमा टुप्पादेखि कपडाको रङ्गी विरङ्गी ध्वजा पनि सजाइएका हुन्छन्। त्यस ध्वजालाई धिमेको साथमा नृत्येश्वर तथा नृत्येश्वरीको भावमा नचाइन्छ। यस ध्वजालाई नृत्येश्वर देवता भन्दछन् जुन शिवशक्तिको रूपमा छन्। उक्त शिवशक्ति स्वरूप नृत्येश्वरीको ध्यान यसरी दिइएको छ-

उत्तप्त हेम रुचिरां रविचन्द्र वह्नि
नेत्रां धनुश्शरयतांङ्कु शपाशशूलाम्।
रम्यैर्भुजैश्च दधतीं शिवशक्तिरुपां
नृत्येश्वरीं हृदि भजामि धृतेन्दु लेखाम्॥

"खारेको सुन झैं राम्री चन्द्र सूर्य र आगो आँखा भएकी राम्रा हातले शरयुक्त धनु अंकुश पाश त्रिशूल लिएकी चन्द्रमाको कलाधारण गरेकी शिवशक्ति स्वरूप नृत्येश्वरीलाई हृदयमा भन्दछु।"

प्राचीनकालमा देवलोकको सभा हुँदा धिमे सिद्ध भएको ठाउँ स्वयम्भूको तल भुइंख्य हो। भुइं भनेको जमीन ख्य भनेको चौर हो। देवलोकको अपभ्रंश भएर दल्व भएको छ। दल्वमा नृत्येश्वर पनि छन्। नृत्येश्वरलाई नेवारहरू नास द्यो भन्दछन्। देवलोकको सभा हुने भुइंख्य हुनाले अद्यापि सम्यक गर्दा भुइंख्यमा देवताहरू राख्छन्। नेवारहरूको संस्कृति क्रियाकलाप शिवशक्तिको भावमा हुने हुनाले नृत्येश्वरलाई मद्य मांस अनिवार्य रूपले चल्छ। यो नेवारको संस्कृतिको विशेषता हो। अन्त देशमा नृत्येश्वरलाई मद्य मांस चल्दैन। नेवारहरू मद्यपान गर्दा विन्दु मुद्राले शक्ति देवीलाई समर्पण नगरी पान गर्दैनन्। कारण शक्तिलाई प्रधान मान्दछन्।

हाम्रो यो संस्कृतिलाई ऐतिहासिक दृष्टिकोणले विचार गरी हेर्दा लेलेको लिच्छवी संवत् ५२६ को शिव देव अंशु वर्माको अभिलेखमा प्रदीप गोष्ठी, पानीय गोष्ठी, मल्लयुद्ध गोष्ठी, धूप गोष्ठी, इन्द्र गोष्ठी, वादित्र गोष्ठी, अर्चा गोष्ठी, ध्वज गोष्ठी आदि विभिन्न गोष्ठीहरूको व्यवस्था गरी जग्गा दत्त राखिदिएको कुरा उल्लेख भएको देख्छौं। यसमा वादित्र गोष्ठी र ध्वज गोष्ठी भन्नाले वाद्यवादनको गोष्ठी र ध्वज गोष्ठी भन्ने स्पष्ट बुझिन्छ। यही गोष्ठीलाई पछि गएर गुठी भन्ने गरेको हो। हामीकहाँ विभिन्न किसिमका गुठीहरू छन्। यो वाद्यवादनसंग सम्बन्धित ध्वज गोष्ठीचाहिं विचार गरी हेर्ने हो भने किसान ज्यापूहरूको धिमे र धुन्याको गुठी हुनुपर्छ भन्ने देखिन्छ। किनभने वाद्यवादनसंग सम्बन्धित ध्वज गोष्ठी विशेष गरेर धिमे र धुन्या नै हामी देख्छौं। उक्त धिमे र धुन्याको गुठी अद्यापि चलेर आइराखेको छ। यसबाट हाम्रो यो संस्कृति लिच्छविकालसम्म पुगेको कुरा पुष्टि गर्छ।